


# ४ कठिन बाटो

*यस अध्यायका मूल पदहरू:* **यशैया ७:१४-१६, यशैया ७:१७-२५, यशैया ८:१-१०, यशैया ८:११-१५ र यशैया ८:१६-२२।**

*यस अध्यायको मूल सार पद:* **"म परमेश्वरलाई पर्खन्छु। उहाँले आफ्नो मुहारलाई याकूबको घरानाबाट लुकाउनुभएको छ। तर मचाहिँ उहाँमा नै आशा गर्दछु" (यशैया ८:१७ रूपान्तरित)।**

**एक दिन अमेरिकाको न्यु योर्क सहरको हार्लेम टोलमा एउटा भवन** जलिरहेको थियो। त्यसबेला एउटी अन्धी केटी त्यस भवनको चौथो तलाको झ्यालमा बसिरहेकी थिइन्। आगो निभाउने डमकलका मानिसहरूलाई उनलाई बचाउन के गरुँ के गरुँ भइरहेको थियो। तिनीहरूसँग डमकलबाट उभ्याउने त्यति लामो भरेङ्ग पनि थिएन। तिनीहरूले राखेको ठूलो जालीमा त्यस केटी बसेको झ्यालबाट हाम फाल्न चिच्याइ रहेका थिए। तर त्यो जालीलाई त्यस केटीले नदेखेको कारण तिनलाई तिनीहरूले हाम फाल्न लगाउन सकेनन्।

आखिरमा उनको बुबा आइपुगे। उनले माइक लिएर ठूलो स्वरले आफ्नी छोरीलाई भने "नानी, तिम्रो झ्यालमुनि ठूलो जाली छ। तिमी त्यहाँ हामफालत लौ!" बुबाको कुरा सुनेर त्यस केटी ढुक्क भइन् र झ्यालबाट फाल हालिन्। चारतलामाथिबाट हाम फालेतापनि उनलाई केही पनि चोटपटक लागेन। आफ्नो बुबालाई पूरै विश्वास र भरोसा राखेको कारणले उनी झ्यालबाट हाम फालेकी थिइन्। उनलाई थाहा थियो कि उनको बुबाले उनको निम्ति जे उत्तम छ त्यही गर्नुहुन्छ।"-माइकल पी. ग्रीनबाट सम्पादित *१५०० इलस्ट्रेशनस फर द बिब्लिकल प्रिचिङ्ग,* पृ. १३५बाट रूपान्तरित।

त्यसरी नै विभिन्न प्रभावकारी वा शक्तिशाली प्रमाणहरूद्वारा आफ्ना सन्तानहरूलाई जे उत्तम छ त्यही गर्न चाहन्छु भन्ने परमेश्वरको चाहनालाई

प्रस्तुत गर्नुभएको थियो। तर यहूदाको राजा र मानिसहरूले परमेश्वरको मलिलो र मायालु स्वरलाई तिनीहरूले तिरस्कार गरे। त्यसकारण विभिन्न आपतहरूलाई आउन दिएर परमेश्वर ती मानिसहरूको सामु गर्जिनुभएको थियो।

परमेश्वरका जनहरू भन्नेहरूले गरेका भुलहरूबाट हामीले अहिले पनि के पाठहरू सिक्न सक्छौं त्यो सोच्नु आवश्यक ठान्नुपर्दछ।

## १. भविष्यावाणी पूरा हुन्छ (यशैया ७:१४-१६)

**"१४ यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ। १५ खराबलाई इन्कार गर्न र असललाई छान्न जानेपछि उहाँले दही र मह खानुहुनेछ। १६ तर बालकले खराबलाई इन्कार गर्न र असललाई छान्न अघि त्यो देश उजाड़ पारिनेछ, जसका दुई राजाहरूदेखि तिमीहरू डराएका छौ" (यशैया ७:१४-१६)**

जब राजा आहाज दोधारमा परेका थिए तब उनलाई दिइने चिन्ह इम्मानुएल हो भनेर दिइएको थियो जुन यशैया ७:१४-१६मा उल्लेख गरिएको छ। इम्मानुएल ठूलो भएर विभिन्न खालका खानाहरूको बारेमा ज्ञान हुन अघि नै "त्यो देश उजाड़ पारिनेछ, जसका दुई राजाहरूदेखि तिमीहरू डराएका छौ।" (यशैया ७:१६)। ती राजाहरू र देश को हो भन्दा सिरिया र उत्तर इस्राएल थिए ( हेर्नुहोस् यशैया ७:१,२,४-९)। ती देशहरूको शक्तिलाई छिट्टै नै सिथिल पारिनेछ भनेर परमेश्वरले आफ्नो प्रतिज्ञा दोहोऱ्याउनुभएको थियो।

**त्यस बालकले "दही र मह" खानुपर्नेछ भनेर यशैयाले किन उल्लेख गर्दछन्? "खराबलाई इन्कार गर्न र असललाई छान्न जानेपछि उहाँले दही र मह खानुहुनेछ" यशैया ७:१५।**

**यहूदाका** बालीनाली र खेतहरू असेरियाले नाश गर्नेछन् भनेर भविष्यवाणी गरिएको थियो (यशैया ७:२३-२५)। त्यसकारण पुरानो करारका इम्मानुएल समेत गरेर जो भएतापनि तिनीहरूले मरुभूमिमा घुमन्तेहरूले खाने कुरा खानेछन् (यशैया ७:२१,२२ "त्यो दिन एउटा मानिसले एउटा कोरली र दुई वटा बाख्रा पाल्नेछ, २२ अनि तिनीहरूले दिएको प्रशस्त दूधको कारण खानलाई दही पनि हुनेछ। देशमा छोड़िएका सबैले दही र मह खानेछन्")। तिनीहरू गरिबैभएतापनि जीवित रहन चाहिँदोमात्र खाना तिनीहरूमा हुनेछ।

**सिरिया र उत्तरी इस्राएलको बारेमा दिएको भविष्यवाणी कहिले पूरा भयो त? हेर्नुहोस्, २ राजा १५:२९,३० "२९ इस्राएलका राजा पेकहको समयमा अश्शूरका राजा तिग्लत-पिलेसेरले आएर इयोन, हाबिल-बेथ-माका, यानोह, केदेश र हासोर लिए। उनले गिलाद र गालील, नप्तालीका सबै जग्गासमेत लिए, र मानिसहरूलाई अश्शूर देशमा कैद गरेर लगे। ३० तब एलाहका छोरा होशियाले रमल्याहका छोरा पेकहको विरुद्धमा षड्यन्त्र रचे। होशियाले आक्रमण गरेर तिनको हत्या गरे, र उज्जियाहका छोरा योतामको बीसौं वर्षमा तिनीपछि राजा भए।" र १ इतिहास ५:६,२६ "६ तिनका छोरा बीरह, जसलाई अश्शूरका राजा तिग्लत-पिलेसेरले कैद गरेर लगे। बीरह रूबेनीहरूका एक प्रधान थिए।...२६ यसैले इस्राएलका परमेश्वरले अश्शूरका राजा पूल, अर्थात् अश्शूरका राजा तिग्लतपिलेसेरलाई उक्साउनुभयो, र उनले रूबेन, गाद र मनश्शेका आधा कुलका मानिसहरूलाई कैद गरेर लगे। उनले तिनीहरूलाई हलह, हाबोर, हारा र गोजान नदीका किनारमा लगे, र त्यहाँ तिनीहरू आजको दिनसम्म छन्"।**

यशैयाको यो भविष्यवाणी ई.पू. ७४३तिर दिइएको थियो। चाहे आहाजले घुस ख्वाओस् वा नख्वाओस् तैपनि उनको अनुरोधलाई बहाना बनाएर **तिग्लतपिलेसेर तेस्रोले** जे गर्न चाहेका थिए त्यो गरिहाले: उनले उत्तरका राजाहरूको गठबन्धनलाई टुक्राइदिए, गालिली र उत्तर इस्राएलमा रहेका यर्दन नदी वरिपरिरहेका क्षेत्रहरूमाथि हमला गरेर जिते र त्यहाँ रहेका कतिपय मानिसहरूलाई जबरजस्ती बिस्थापित गरेर कतिलाई आफै देशमा कैदी बनाएर लगे भने कतिपयलाई अर्कै ठाउँमा लखेटिए। त्यसपछि ती क्षेत्रहरूलाई **तिग्लतपिलेसेरले** असेरियाका प्रान्तहरू बनाए (ई.पू. ७३४-७३३)। जब राजा पेकेहलाई हत्या गरेर होशियाले नजराना वा रकम तिरे तब बाँकी इस्राएलीहरू बचेका थिए। ई.पू. ७३३ र ७३२मा **तिग्लतपिलेसेरले** डमस्कसमा हमला गरेर जिते। यो सिरियाको राजधानी थियो। अनि उनले सिरियालाई पनि असेरियाकै प्रान्त बनाए। त्यसकारण यशैयाले भविष्यवाणी गरेको दुई वर्षभित्र अर्थात् ई.पू. ७३२मा सिरिया र इस्राएल एक पछि अर्को गरेर युद्धमा हार्नुपरेको थियो। ती दुई राजाहरू जसले आहाजलाई धम्किदिए ती राजाहरूको पतन भएको थियो।

अनि केही वर्षमै शालमानेसर पाँचौं **तिग्लतपिलेसेर तेस्रो पछि ई.पू. ७२७मा राजा भए।** असेरियाको बिरुद्धमा गएर इस्राएलका राजा होशियाले

राजनैतिक आत्महत्या गरे। असेरियनहरूले सामरियाको राजधानीलाई ई.पू. ७२२मा कब्जा गरे अनि हजारौं इस्राएलीहरूलाई देश निकाला गरेर मेसोपोटामिया र मिडिया देशहरूमा निर्वासनमा पठाए। अनि तिनीहरू बिस्तारै त्यहाँका स्थानीय जनताहरूसँग भिजे र तिनीहरूको पहिचान पनि गुमाए ( हेर्नुहोस् यशैया ७:८ "किनकि अरामको शिर दमस्कस हो, र दमस्कसको शिर रसीन मात्रै हो। पैंसट्ठी वर्षभित्रैमा आफ्नो नाउँनिशानै मेटिने गरी एफ्राइम टुक्रा-टुक्रा पारिनेछ" अर्थात् तिनीहरू परमेश्वरका चुनिएका जनहरू भन्ने पहिचान पनि रहेन)। यहूदाका शत्रुहरूलाई के हुनेछ भनेर परमेश्वरले अगाडि नै भन्नुभएको थियो। असेरियासँग सन्धी नगरिकनै यो हुनेछ भनेर राजा आहाजलाई परमेश्वरले औंल्याउन चाहनुभएको थियो। अर्थात् ती देशहरूको पतन हुन राजा आहाजले असेरियाको भर पर्नु आवश्यक थिएन।

**ती सबै घट्ना भइरहेको बेलामा तपाईं उत्तरी राज्यमा रहनुभएको थियो भने परमेश्वरमाथिको विश्वास हराउन कति सजिलो भएको महसुस गर्नुहुन्थ्यो होला? हामीहरूको विश्वासलाई बलियो राखिराख्न अहिले पनि हामीले के गर्न सक्छौं जसले गर्दा भोलि आउने कुनै पनि दुःख, कष्ट, सङ्कट चाहे महामारी नै किन नहोस् त्यसबेला हामी आफ्नो विश्वासमा अडिग रहन सक्दछौं? १ पत्रुस १:१३-२५ हेर्नुहोस् "१३ यसकारण आफ्नो मन बाँध, संयमी होओ र येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ आउन लागेको अनुग्रहमा तिमीहरूको आशा पूर्ण रूपले राख। १४ आज्ञाकारी बालकहरू भएका हुनाले अगाडिको अजान अवस्थाका कुइच्छाहरूमा तिमीहरू अब नलाग। १५ तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, १६ किनभने यो लेखिएको छ, "तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु।" १७ पनपक्ष नगरी मानिसको कामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौ भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ। १८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्ट्याइएका होइनौ, १९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्ट्याइएका छौ। २० उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो। २१ उहाँद्वारा परमेश्वरमाथि तिमीहरूको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर**

महिमा दिनुभयो, ताकि तिमीहरूको विश्वास र आशा परमेश्वरमा रहोस्। २२ अब सत्यको पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेका हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर, र हृदयबाट नै एउटाले अर्कोलाई गहिरो प्रेम गर। २३ परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ। २४ किनकि, "सबै प्राणी घाँसजस्तै हुन् र तिनका सबै गौरव घाँसका फूलजस्ता। घाँस ओइलाउँछ, र फूल झरिहाल्छ, २५ तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ।" अनि तिमीहरूलाई प्रचार गरिएको सुसमाचारको वचन यही हो।"

## २. पहिलानै चाल पाएका नतिजाहरू (यशैया ७:१७-२५)

"१७ परमप्रभुले तिमीमाथि, तिम्रा प्रजामाथि र तिम्रा पिताका परिवारमाथि यस्तो दिन ल्याउनुहुनेछ कि एफ्राइम यहूदादेखि छुट्टिएपछि यसो कहिल्यै आइलागेको थिएन, अर्थात् उहाँले अश्शूरका राजालाई यस देशमा ल्याउनुहुनेछ।" १८ त्यो दिन परमप्रभुले मिश्रदेशका टाढ़ाका खोलाहरूबाट झींगाहरू र अश्शूर देशका मौरीहरूलाई सुसेलीले बोलाउनुहुनेछ। १९ तिनीहरू आएर जम्मै साँघुरा भीरहरू, चट्टानका धाँदाहरू, सबै काँढ़ाघारी र सबै पानीको भ्वाङ्ग हुँदो बस्नेछन्। २० त्यो दिन परमप्रभुले यूफ्रेटिस नदी पारिबाट लिएको छुरा, अर्थात् अश्शूरका राजाद्वारा तिनीहरूका शिर र खुट्टाका रौं खौरिदिनुहुनेछ, र दाह्री पनि खौरिदिनुहुनेछ। २१ त्यो दिन एउटा मानिसले एउटा कोरली र दुई वटा बाख्रा पाल्नेछ, २२ अनि तिनीहरूले दिएको प्रशस्त दूधको कारण खानलाई दही पनि हुनेछ। देशमा छोड़िएका सबैले दही र मह खानेछन्। २३ त्यो दिन हजार शेकेल चाँदी दाम (अहिलेको हिसाबमा कमसेकम ३ करोड रुपैयाँ) पर्ने हजार दाखका बोटहरू भएको बारीमा सिउँड़ी र काँढ़ा मात्र हुनेछन्। २४ सिउँड़ी र काँढ़ा भएकोले गर्दा त्यहाँ मानिसहरू काँड़-धनु लिएर जानेछन्। २५ कोदालोले खन्ने सबै डाँड़ाहरूमा चाहिँ सिउँड़ी र काँढ़ाको डरले तिमीहरू त्यहाँ फेरि जानेछैनौ, तर ती ठाउँहरू गाई-गोरु चर्ने ठाउँ र भेड़ाहरू कुदिहिँड्ने ठाउँ हुनेछन्" (यशैया ७:१७-२५)।

"गलत बाटोमा हिँडिरहेको इस्राएललाई यहोवा परमेश्वरकहाँ फर्केर उहाँप्रति बफादार हुन बारम्बार आह्वान गरिएको थियो। अगमवक्ताहरूले अत्यन्तै कोमल र नम्र भएर बिन्ति गरेका थिए। तिनीहरू मानिसहरूको सामु उभिएर पश्चाताप गर्न र सुधार्न जोडका तोडले आवाजहरू उठाएका थिए।

तिनीहरूका वचनले परमेश्वरको महिमाको निम्ति केही फलहरू फलाएका थिए।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्स्,* पृ. ३२५बाट रूपान्तरित।

यसरी विश्वासभन्दा डरले काँपेका राजा आहाजलाई परमेश्वरबाट आएको खुशीको खबर यो थियो कि सिरिया र इस्राएल सखाप हुनेछ। तर खराब समाचार त यो थियो कि आफ्नो "साथी" भनेर आफूलाई सहयोग गर्न मिलेको असेरिया सिरिया र इस्राएलभन्दा खतरा सावित हुनेभएको थियो। जब परमेश्वरले सित्तैमा उद्धार गर्ने वचनलाई तिरस्कार गरे तब राजा आहाज पराजय हुन ग्यारेन्टी अर्थात् निश्चित भएको थियो। आफ्नो संसार भत्किरहेको आहाजले सोचे भने उनको संसार अझ झन दुर्गतीतिर लगाउने बाटो उनले रोजेका थिए।

"देशका शासक, राजकुमारहरूको भरोसामा लागेर तिनीहरूलाई आफ्नो शरणस्थान बनाउनुभन्दा परमेश्वरलाई शरणस्थान बनाउनु उत्तम हुन्छ" (भजन ११८:९ रूपान्तरित)।

उत्तरका देशहरूलाई जितेर संतुष्ट हुन्छ अनि यहूदालाई सम्मान गर्नेछ भनेर यहूदाले **तिगेलतपिलसेर तेस्रोलाई विश्वास गर्ने आँट राजा आहाजलाई** कहाँबाट आयो? असेरियाका राजाहरूको बंशावलीमा यो लेखिएको छ कि ती राजाहरूको शक्तिलाई फैलाउने काममा तिनीहरू कहिल्यै पनि संतुष्ट भएका थिएनन्।

**देहायका पदहरू हेर्नुहोस्। आहाजलाई के भइरहेको थियो? यहाँ हामीले के आत्मिक नीति उजागर गरेको हामी पाउँछौं? राजाका कामहरूबाट हामी किन चकित हुनुपर्दैन? हेर्नुहोस्, १ राजा १६:७-१८ "७ आहाजले अश्शूरका राजा तिग्लतपिलेसेरकहाँ यसो भनेर समाचारवाहकहरू पठाए, "म तपाईंको दास र तपाईंकै मातहत सेवक हुँ। मलाई आक्रमण गर्ने अरामका राजा र इस्राएलका राजाबाट आएर मलाई बचाउनुहोस्।" ८ अनि आहाजले परमप्रभुको मन्दिरमा र राजमहलका भण्डारहरूमा भेट्टाएका सुन र चाँदी लिएर कोसेलीको रूपमा अश्शूरका राजाकहाँ पठाए। ९ अश्शूरका राजाले तिनका कुरा सुने, र दमस्कसलाई आक्रमण गरेर उनले त्यो कब्जा गरे। उनले त्यहाँका बासिन्दाहरूलाई निर्वासन गरेर कीरमा लगे, र रसीनलाई मारे। १० तब राजा आहाज अश्शूरका राजा तिग्लत-पिलेसेरसित भेट गर्न दमस्कसमा गए। तिनले दमस्कसमा एउटा वेदी देखे, र त्यसका बनावटको सम्पूर्ण ढाँचा पूजाहारी उरियाहकहाँ पठाइदिए। ११ यसैले राजा आहाजले दमस्कसबाट**

पठाएको सम्पूर्ण ढाँचाबमोजिम पूजाहारी उरियाहले एउटा वेदी निर्माण गरे र राजा फर्कन अघि नै त्यो सिद्ध्याए। १२ जब राजा दमस्कसबाट फर्केर आए, तब तिनले त्यो वेदी हेरे, र त्यसको छेउमा गएर त्यसमा भेटी चढ़ाए। १३ तिनले आफ्नो होमबलि र अन्नबलि चढ़ाए, र अर्घ-बलि खन्याए र आफ्नो मेलबलिको रगत वेदीमाथि छर्के। १४ परमप्रभुको सामुन्ने भएको काँसाको वेदी तिनले परमप्रभुका मन्दिरको अगिबाट, अर्थात् नयाँ वेदी र परमप्रभुका मन्दिरको बीचबाट हटाएर त्यस नयाँ वेदीको उत्तरतिर राखिदिए। १५ त्यसपछि राजा आहाजले पूजाहारी उरियाहलाई यस्तो हुकुम गरेः "यस ठूलो नयाँ वेदीमा बिहानको होमबलि र बेलुकाको अन्नबलि, राजाको होमबलि र तिनको अन्नबलि, र देशका सबै मानिसहरूका होमबलि र तिनीहरूको अन्नबलि र अर्घ-बलि चढ़ाउने गर। वेदीमा होमबलि र बलिदानहरूको सबै रगत छर्कनू। तर काँसाको वेदीचाहिँ म आफ्नो पथप्रदर्शनको लागि प्रयोग गर्नेछु।" १६ राजा आहाजले हुकुम गरेझैं पूजाहारी उरियाहले गरे। १७ राजा आहाजले ठेला-गाड़ीहरूबाट तिनका वरिपरि भएका पाटाहरू र तिनका बाटाहरू हटाए। तिनले विशाल खड्कुँलो त्यसलाई थामिराख्ने काँसाका साढ़ेहरूबाट निकालेर ढुङ्गाको आधारमा राखे। १८ तिनले शबाथमा प्रयोग गरिने चँदुवा, जुनचाहिँ परमप्रभुको मन्दिरमा निर्माण गरिएका थिए, त्यो लगे, अनि परमप्रभुको मन्दिरबाहिर भएको राजकीय प्रवेशद्वार तिनले अश्शूरका राजालाई सन्तुष्ट गराउन हटाइदिए।" र २ इतिहास २८:१६-२५ "१६ त्यस बेला राजा आहाजले अश्शूरका राजाकहाँ सहायता मागिपठाए। १७ किनभने एदोमीहरूले फेरि आक्रमण गरी यहूदालाई जितेर कैदी बनाई लगेका थिए। १८ पलिश्तीहरूले पनि पहाड़ र यहूदाको नेगेवका सहरहरू लुटे। उनीहरूले बेथशेमेश, अय्यालोन र गदेरोत, अनि सोखो, तिम्ना र गिम्जो, तिनका बस्तीहरूसमेत कब्जा गरेर अधिकार गरेका थिए। १९ इस्राएलका राजा आहाजको कारणले नै परमप्रभुले यहूदालाई विनम्र तुल्याउनुभएको थियो, किनभने यहूदामा तिनले दुष्टता बढ़ाएर तिनी परमप्रभुतर्फ साह्रै नै विश्वासघाती भएका थिए। २० तब अश्शूरका राजा तिग्लत-पिलेसेर तिनलाई सहायता दिन आए, तर तिनलाई सहायता दिनुको सट्टा झन् तिनलाई कष्ट दिए। २१ आहाजले परमप्रभुको मन्दिर, राजाको महल र आफ्ना भारदारहरूबाट केही कुरा लिएर अश्शूरका राजालाई दिए, तर यी सबै व्यर्थ भयो। २२ यी नै राजा आहाज आफ्नो कष्टको समयमा झन्-झन् परमप्रभुप्रति विश्वासघाती भए। २३

तिनले आफूलाई परास्त गर्ने दमस्कसका देवताहरूलाई बलिदान चढ़ाए, किनकि तिनले यो विचार गरे, “अरामका राजाहरूका देवताहरूले उनीहरूलाई सहायता गरे। यसकारण तिनीहरूले मलाई सहायता गरून् भनी म पनि तिनीहरूलाई बलिदान चढ़ाउनेछु।” तर वास्तवमा तिनीहरूले नै तिनको र सारा इस्राएलको पतन ल्याए। २४ आहाजले परमप्रभुको मन्दिरका भाँड़ाकुँड़ाहरू जम्मा गरेर लगे, अनि परमप्रभुको मन्दिरका ढोकाहरू पनि बन्द गरिदिए। तिनले यरूशलेमका सड़कसड़कमा वेदीहरू बनाए। २५ अनि यहूदाका सहरैपिच्छे अरू देवताहरूलाई बलिदान चढ़ाउनका निम्ति डाँड़ाहरूका थानहरू बनाए। यसरी तिनले परमप्रभु आफ्ना पुर्खाहरूका परमेश्वरलाई क्रोधित तुल्याए।"

परमेश्वरलाई भन्दा असेरियाको राजासँग भर परेर उनको सहायता माग्दा उनलाई के भयो भनेर २ इतिहास २८:२०-२३मा प्रभावकारीरूपमा सारांश दिइएको छ। (आखिरमा उनी राजा भएतापनि उनको मृत्युभएपछि उनलाई राजाहरू गाड्ने चिहानमा गाडिएन भनेर यसरी लेखिएको छ " २६ तिनको राजकालका घटनाहरू सुरुदेखि अन्त्यसम्म यहूदा र इस्राएलका राजाहरूको पुस्तकमा लेखिएका छन्। २७ आहाज आफ्ना पित्रहरूसित सुते, र यरूशलेम सहरमा गाड़िए, तर तिनीहरूले तिनलाई इस्राएलका राजाहरूका चिहानमा गाड़ेनन्। तिनीपछि तिनका छोरा हिजकिया राजा भए" २ इतिहास २८:२६-२७)।

हामीले देखेका, अनुभव गरेका, स्वाद लिएका र छोएका यस संसारका बस्तुहरूमाथि भरपर्नु हाम्रो स्वभाविक हो। यद्यपि, यस संसारका बस्तुहरू अलप हुनेछन् भनेर हामीलाई थाहा छ। २ कोरन्थी ४:१६-१८ हेर्नुहोस्। यहाँ हामीलाई पावलले के बुझाउन खोजिरहेका छन्? उनको सन्देशलाई हामीले हामीहरूको जीवनमा कसरी प्रयोग गर्ने? यस सन्देशलाई आत्मसात् गरेर चल्यो भने हामीहरूको जीवन कस्तो हुने होला? हेर्नुहोस्, " १६ यसकारण हामी हरेस खाँदैनौं। हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ। १७ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ। १८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।"

## ३. नाउँमा के छ? (यशैया ८:१-१०)

"१ परमप्रभुले मलाई भन्नुभयो, "आफ्नो निम्ति एउटा ठूलो कागतको मुट्ठा ले, र त्यसमा साधारण कलमले 'महेर-शालल-हाज-बज'* भनेर लेख्। २ अनि म यसलाई पक्का गर्नलाई मेरा दुई विश्वासयोग्य गवाहहरू, अर्थात् उरियाह पूजाहारी र येबेरक्याहको छोरो जकरियालाई बोलाउनेछु।" ३ तब मेरी पत्नी अगमवादिनीकहाँ म गएँ, र तिनी गर्भवती भएर एउटा छोरो जन्माइन्। अनि परमप्रभुले मलाई भन्नुभयो, "त्यसको नाउँ महेर-शाललहाज-बज राख्नु। ४ बालकले 'मेरा बाबु' र 'मेरी आमा' भन्न जान्न अघि नै दमस्कसको धन र सामरियाको लूट अश्शूरका राजाले लैजानेछ।" ५ परमप्रभुले मलाई फेरि यसो भन्नुभयो, ६ "यस प्रजाले शान्तिसित बग्ने शीलोको पानीलाई तिरस्कार गरी रसीन र रमल्याहको छोरामा आनन्द मनाएको कारणले, ७ अब हेर्, परमप्रभुले यूफ्रेटिसका पानीको भल, अर्थात् अश्शूरको राजा र त्यसका रवाफसहित तिनीहरूका विरुद्धमा ल्याउन लाग्नुभएको छ। त्यसका सबै नहरमाथि त्यो उर्लेर आउनेछ र त्यसका सबै किनारमाथि बग्नेछ। ८ त्यो बाढ़ीझैं अगाड़ि बढ़ेर यहूदासम्मै बग्नेछ। त्यो त्यसको घिच्रैसम्म पुग्नेछ। त्यसको फिँजाइएका पखेटाले तिम्रो देशलाई ढाक्नेछ, हे इम्मानुएल!" ९ हे जातिहरू हो, युद्धको नारा लगाओ र चकनाचूर होओ! सुन, हे टाढ़ा-टाढ़ा देश हो, लड़ाइँको लागि तयार होओ, र चकनाचूर होओ! लड़ाइँको लागि तयार होओ, र चकनाचूर होओ! १० युद्धको युक्ति रचना गर, तर त्यो विफल हुनेछ। तिमीहरूका उपाय प्रस्ताव गर,तर त्यो ठहर्नेछैन, किनकि परमेश्वर हामीसित हुनुहुन्छ।" (यशैया ८:१-१०)।

यशैयाको दोस्रो छोरोसँग तपाईं भकुण्डो खेलिरहनुभएको के तपाईंले कल्पना गर्न सक्नुहुन्छ? "हे **महेर-शाललहाज-बज** मतिर बल फ्याँक!" भनेर बस्दा उसले बलफ्याँकिसकेको हुन्छ। यो लामो नाउँ हिब्रू भाषामा छ। यसको अर्थ "युद्धमा जितेको धन छिट्टै लुट्ने, शिकारमाथि द्रुत गतिले आक्रमण" वा "लडाईंमा दुश्मनलाई छिटो गरि लुट्नु, दुश्मनमाथि छिट्टै जाइलाग्नु" हो।

**यो सन्देशमा कसैले एकदम द्रुतगतिमा कसैमाथि जित्नु भनिएको स्पष्ट छ। तर कसले कसमाथि? हेर्नुहोस्, यशैया ८:४ "बालकले 'मेरा बाबु' र 'मेरी आमा' भन्न जान्न अघि नै दमस्कसको धन र सामरियाको लूट अश्शूरका राजाले लैजानेछ।"**

यशैया ७ अध्यायको सन्देशलाई यशैया ८:१-१० अझ राम्रोसँग पुष्टि गर्दछ। बालक हुर्कुनभन्दा पहिले नै असेरियाले उत्तर इस्राएल र सिरियाका राजधानीहरूमा आक्रमण गरेर त्यहाँबाट सम्पत्तिहरू लुटेर लानेछन् भनिएको थियो। अझ जसरी यरुशलेमको शिलोह खोलामा स्वच्छसँग बगिरहेको पानी जस्तै दिएको परमेश्वरको आश्वासनको सन्देशलाई यहूदाले अस्वीकार गरेको कारणले असेरिया साम्राज्यको ठूलो शक्तिले यहूदालाई छोप्ने छ। यहूदालाई असेरियाको राजाले छोप्न आउने घट्नालाई ठूलो युफ्रटिस नदीको बाढीसँग तुलना गरिएको थियो।

आहाजले असेरियातिर आफ्नो भरोसा राखेकोले यशैयाका छोराहरूको नाउँ यहूदा र उत्तर इस्राएललाई सम्बोधन गरेर राखिएको थियो: "युद्धमा छिटो लुट्ने, शिकारमाथि छिटो हमला गर्ने" र "बाँकी सन्तान फर्किनेछ।" अझै किन आशा देखाइएको छ? असेरियाले इम्मानुएलको देशलाई (यशैया ८:८) भर्नेभएतापनि "परमेश्वर हामीसित छ" (यशैया ८:१०) भन्ने प्रतिज्ञा यथावतै थियो। यहाँ हामीले यस्तो विषयबस्तु देख्दछौं जुन विषय यशैयाको पूरै किताबमा छरिएको हामी पाउँछौं। त्यो विषयबस्तु हो यहूदामा अरू राष्ट्रमा रहेका परमेश्वरका शत्रुहरूमाथि उहाँले न्याय गर्नुहुनेछ। त्यसबेला परमेश्वरका जनहरूले युद्ध, दु:खकष्ट र निर्वासनको सामना गर्नुपर्नेछ तैपनि परमेश्वरप्रति बफादार रहने केही बाँचिरहनेछन् र तिनीहरूलाई तिनीहरूको देशमा फर्काइनेछन् भन्ने प्रतिज्ञा परमेश्वरले यशैयामार्फत दिनुभएको थियो।

**आफ्नो छोरोको नाउँ कानुनीरूपमै यशैयाले राखेको किन उनले हामीलाई बताउँदछन् साथै उनको श्रीमती (अगमवादिनी)सँगको वैवाहिक सम्बन्ध पनि उनले किन उल्लेख गर्दछन्? यशैया ८:१-३ " १ परमप्रभुले मलाई भन्नुभयो, "आफ्नो निम्ति एउटा ठूलो कागतको मुट्ठा ले, र त्यसमा साधारण कलमले 'महेर-शालल-हाज-बज' भनेर लेख्। २ अनि म यसलाई पक्का गर्नलाई मेरा दुई विश्वासयोग्य गवाहहरू, अर्थात् उरियाह पूजाहारी र येबेरक्याहको छोरो जकरियालाई बोलाउनेछु।" ३ तब मेरी पत्नी अगमवादिनीकहाँ म गएँ, र तिनी गर्भवती भएर एउटा छोरो जन्माइन्। अनि परमप्रभुले मलाई भन्नुभयो, "त्यसको नाउँ महेर-शाललहाज-बज राख्।"**

जुन समयमा यशैयाको छोरोको जन्म भयो त्यो समय उल्लेखनीय समय थियो। उल्लेखीय चिन्हको अर्थको केन्द्रविन्दु उनको छोरोले देखाएको थियो। इम्मानुएलको चिन्ह जस्तै यशैयाको छोरो आमाको गर्भमा भएर

जन्मेदेखि असेरियाले सिरिया र उत्तरी इस्राएलमाथि विजय प्राप्त नगरुञ्जेल बालक बच्चा नै हुनेछ। अझ त्यो बालकले त बा आमा भन्न पनि सक्नेछैन रे (यशैया ८:४)। जब यशैयाले आफ्नो छोरो जन्मिनुभन्दा अघि नै कानुनीरूपमा नाउँ लेखाएका थिए तब उनले आफ्नो छोरो र उनको नाउँ सार्वजनिकरूपमा भविष्यवाणीमा गाभएका थिए। त्यस बालकको नाउँले हुने घट्नाहरूलाई देखाएको थियो।

**परमेश्वरका जनहरू भनेर दावी गर्नेले बारम्बार गल्ती गरेतापनि तिनीहरूलाई उद्धार गर्न परमेश्वर अझै इच्छुक हुनुहुन्थ्यो। परमेश्वरको यो चाहनालाई हामीले हाम्रै जीवनमा व्यक्तिगत रूपमा कसरी लागु गर्न सक्छौं? कतिपय समयमा हामी हाम्रा आत्मिक जीवनमा खस्किन्छौं तैपनि परमेश्वरले हामीलाई छोड्न चाहनुहुन्न भनेर हामीले आत्मसात् गर्नु जरुरी ठान्नुपर्दछ।**

## ४. परमेश्वरबाहेक अरू कसैसँग भय मान्नु आवश्यक छैन (यशैया ८:११-१५)

**"११ यस प्रजाको मार्गमा नहिँड्नलाई परमप्रभुले मलाई चेताउनी दिँदै आफ्नो बलियो हात ममाथि राखेर मलाई यसो भन्नुभयो, १२ "जुन कुरालाई यी मानिसहरू षड्यन्त्र भन्छन्, त्यसलाई तिमीले षड्यन्त्र नभन्, र जे कुरादेखि तिनीहरू डराउँछन् त्यसदेखि तिमी नडराऊ, त्यसदेखि भयभीत नहो। १३ सर्वशक्तिमान् परमप्रभुलाई नै तिमीले पवित्र ठान्नू, र उहाँकै भय तिमीले मान्नू, उहाँसँग नै तिमी डराउनू। १४ र उहाँ नै तिम्रो वासस्थान हुनुहुनेछ, तर इस्राएलका दुवै घरानाका निम्ति उहाँ एउटा ढुङ्गा हुनुहुनेछ, जसले मानिसहरूलाई ठेस खान लगाउँछ, एउटा चट्टान, जसले तिनीहरूलाई लोट्न लगाउँछ। अनि उहाँ यरूशलेमका मानिसहरूका निम्ति धराप र पासो हुनुहुनेछ। १५ धेरै जना ठेस खानेछन्, तिनीहरू लोट्नेछन् र टुक्रा-टुक्रा हुनेछन्, तिनीहरू पासोमा पर्नेछन् र पक्राउ पर्नेछन्" (यशैया ८:११-१५)।**

अमेरिकाको राष्ट्रपति फ्रान्कलिन ड. रुजबेल्टले आफ्नो प्रथम उद्घाटन भाषणमा सारा देशको नाउँमा सम्बोधन गरेका थिए। त्यसबेला अमेरिका आर्थिक मन्दी अर्थात् अर्थतन्त्र तहसनहस भइरहेको थियो। त्यस समयलाई अमेरिका महान् उदासीको समय भनिन्छ। सम्पूर्ण आर्थिक अवस्था भत्किन्दा अमेरिकी जनता निराशको भूमरीमा थिए। हजारौं मानिसहरू घरबार बिहिन भएका थिए। बैंकहरू धरासयी भएका थिए। असाध्ये धनी मानिसहरू

रातारात गरिब भए। कतिपय मानिसहरूले आत्महत्या गरेका थिए। यो आर्थिक मन्दी अमेरिकामामात्र नभएर विश्वव्यापी थियो। यो मन्दी सन १९२९देखि दोस्रो विश्वयुद्धसम्मै चलिरहेको थियो। अमेरिकन जनता त्रसित भएका थिए। यस्तो परिस्थितिमा रुजबेल्ट राष्ट्रपतिको पद सम्हाल्न पुगेका थिए। निराश भएका आफ्नो जनतालाई आफ्नो उद्घाटन समारोहमा भाषण दिँदा यो उद्गार व्यक्त गरेका थिएः "हामी डराउनुपर्ने केवल एउटासँगमात्र छ त्यो हो डर आफै।"-अमेरिकाको राजधानी वाशिङ्टन डिसी (मार्च ४, १९३३)। निराशको भुमरीमा परिरहेका परमेश्वरका जनहरूलाई पनि त्यस्तै खालको सन्देश यशैयाले दिएका थिए "हामी कसैको भय मान्नु आवश्यक छैन जब हामी परमेश्वरको भय वा उहाँमाथि श्रद्धा राख्छौं।"

परमेश्वरका जनहरू डरले काँपीरहेको बेलामा आफूलाई बाहेक अरू कसैको डर नमान्नु भनेर परमेश्वरले यशैयालाई सचेत गराउनुभएको थियो (यशैया ८:१२,१३)। बाह्यशक्तिसँग होइन परमेश्वरको भय मान्नु भन्ने विषयबस्तु धर्मशास्त्र बाइबलको महत्त्वपूर्ण विषय हो। उदाहरणमा प्रकाश १४:६-१२मा तीन स्वर्गदूतहरूको विश्वव्यापी सन्देशमा यो छः परमेश्वरको भय मान्नु र उहाँको महिमा गर। यसको अर्थ प्रकाश १३मा उल्लेख गरिएको परमेश्वरबाट टाढा राख्ने संसारको पशु शक्तिसँग नडराउनु न त उसलाई महिमा देऊ भनेर भन्न खोजिएको हो।

**परमेश्वरको डर मान्नु भन्नुको अर्थ हामीले कसरी बुझ्ने? फेरि हामीलाई परमेश्वरलाई आफ्नो सारा हृदयले, सारा समझशक्तिले र सारा प्राणले प्रेम गर पनि भनिएको छ (मत्ती २२:२७)। परमेश्वरलाई प्रेम गर्नु र उहाँप्रति डर पनि हुनु-यी दुई भावनालाई सर्वमान्य गरि कसरी मिलाउने?**

परमेश्वरप्रति सत्यरूपमा भय मान्नुको अर्थ उहाँ पवित्र हुनुहुन्छ र यस जगतको सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ भनेर स्वीकार गरेर तपाईंले आफ्नो श्रद्धा र भक्ति देखाउनु हो। यस्ता खालको भय वा परमेश्वरप्रतिको श्रद्धा तथा भक्तिले अरूसबै खालको डर वा भयलाई तपाईंले जित्न सक्नुहुनेछ। यदि उहाँ तपाईंको निम्ति हुनुहुन्छ भने उहाँको अनुमतिबिना तपाईंलाई कसैले पनि छुन सक्दैन। तपाईंले उहाँको विद्रोह गर्नुभएकोले उहाँ तपाईंको विपक्षमा हुनुहुन्छ भने पनि तपाईं भाग्न सक्नुहुन्छ तर तपाईं उहाँबाट लुक्न सक्नुहुन्न।

**के परमेश्वरको डर मान्नु भन्ने धारणा १ यूहन्ना ४:१८सँग बाझिन्दैन र? यसमा लेखिएको छ "१८ प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई**

**हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध वा परिपक्व भएको हुँदैन।" (रूपान्तरित)।**

डर वा भय भन्ने शब्दको विभिन्न अर्थहरू हुन्छ। यदि तपाईंको कुनै साथी छ जो अत्यन्तै शक्तिशाली वा उच्च पदमा छ र ऊसँग तपाईंको पारस्परिक प्रेम र मित्रता छ भने तपाईं ऊसँग डराउनुहुन्न। त्यस व्यक्ति जतिसुकै शक्तिशाली वा अधिकार सम्पन्न भएतापनि उसले तपाईंलाई हानी गर्छ भनेर तपाईं डराउनुहुन्न। तर उसँगको सम्बन्धमा तपाईं सिमित हुनुहुन्छ किनभने उसको शक्ति र अधिकार छ भनेर तपाईं महसुस गर्नुहुन्छ र उसलाई तपाईं श्रद्धाको दृष्टिले हेर्नुहुन्छ भने त्यो एक किसिमको भय भनेपनि हुन्छ। त्यो सम्मान गरिएको भय हो।

**हामी येशूभक्त भएको हैशियतले यस संसारका मानिसहरूले गर्ने प्रेम हामीमा हुनुहुँदैन। संसारले गर्ने प्रेम अस्थाई हो। लेखिएको छ "१५ संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। १६ किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्। १७ संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्‍वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ।" (१ यूहन्ना २:१५-१७)। प्रेमको नाउँमा संसारका मानिसहरू जसरी फसिन्छ त्यसले ल्याउने डरको मध्य नजर राख्दै के हामी येशूभक्त भएको हैशियतले के यस्ता डरहरू छन् जुन हामीले डराउनु आवश्यक छैन? संसारका मानिसहरू के के खालसँग डराउँछन् जुनसँग हामी डराउनुपर्दैन? फेरि त्यसै बखत के बस्तुहरूसँग संसार डराउँदैन तर हामी डराउनुपर्दछ? उदाहरणमा हेर्नुहोस्, मत्ती १०:२८ "तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ।" र यर्मिया १०:१-५ "१ हे इस्राएलका घराना हो, परमप्रभुले तिमीहरूलाई के भन्नुहुन्छ सो सुन। २ परमप्रभु यसो भन्नुहुन्छः "जाति-जातिहरूका चाल नसिक, अथवा उनीहरूझैं आकाशका चिन्हहरूदेखि त्रासित नहोओ। ३ किनकि जाति-जातिहरूका रीतिथिति त व्यर्थ हुन्। उनीहरू वनमा एउटा रूख ढाल्छन्, र सिकर्मीको हातले हतियारद्वारा कुनै आकार बनाइन्छ। ४ उनीहरूले त्यसलाई सुन र चाँदीले सिँगार्दछन्। त्यो नहल्लिओस् भनेर उनीहरूले त्यसलाई घन र कीलाले**

**ठोक्दछन्। ५ खरबूजा बारीमा राखेका तर्साउने पुतलाजस्तै उनीहरूका मूर्तिहरू बोल्न सक्दैनन्। तिनीहरूलाई बोक्नु पर्छ, किनकि तिनीहरू हिँड्न सक्दैनन्। तिनीहरूदेखि नडराओ, किनभने तिनीहरूले केही खराबी गर्न सक्दैनन्, न त तिनीहरूले केही असल गर्न सक्छन्।"**

## ५. कृतघ्न जीवित लासमा घुमिरहेको अन्धकार (यशैया ८:१६-२२)

**"१६ यो गवाही-पत्र बाँधिदेऊ र यो व्यवस्था मेरा चेलाहरूका बीचमा बन्द गरेर त्यसमा मोहोर लगाइदेऊ। १७ याकूबको घरानादेखि आफ्नो मुख लुकाउनुहुने परमप्रभुको म प्रतीक्षा गर्नेछु, र उहाँमा नै म मेरो भरोसा राख्नेछु। १८ म र परमप्रभुले मलाई दिनुभएका छोराछोरीहरू यहीं नै छौं। सियोन पर्वतमा विराजमान हुनुहुने सर्वशक्तिमान् परमप्रभुतर्फबाट इस्राएलमा हामी चिन्ह र लक्षण हौं। १९ जब मानिसहरूले तिमीहरूलाई भूतप्रेत खेलाउने र तन्त्रमन्त्र गर्ने धामीझाँक्रीसँग सल्लाह लेओ भनी भन्लान्, तब के मानिसहरूले आफ्ना परमेश्वरकहाँ गएर सोध्नुपर्दैन र? जीवितहरूका विषयमा मरेकाहरूलाई किन सोध्ने? २० व्यवस्था र गवाहीकहाँ जाओ! यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने तिनीहरूसित बिहानको मिरमिरे उज्यालो पनि छैन। २१ तिनीहरू कष्टित र भोका भएर देशमा घुमिहिँड्नेछन्। जब तिनीहरू अत्यन्तै भोका हुन्छन्, तब तिनीहरू रिसाउनेछन्, र मास्तिर हेरी आफ्ना राजा र आफ्ना परमेश्वरलाई सराप्नेछन्। २२ तब तिनीहरूले पृथ्वीतिर हेर्नेछन्, तर त्यहाँ दु:ख, अन्धकार र डरलाग्दो नैराश्य मात्र देख्नेछन्। अनि तिनीहरू घोर अन्धकारमा जाकिनेछन्" (यशैया ८:१६-२२)।**

**माथिका पदहरूले केको चर्चा गरिरहेको छ? यसमा राजा आहाजसँग के सरोकार छ? यसको सारांश निकाल्नुहोस्।**

आहाज यहूदी भएतापनि, सृष्टिकर्ता परमप्रभु परमेश्वरलाई मान्नु पर्ने भएतापनि उनी मूर्तिपूजामा गहिरोसँग डुबेका थिए। देहायका पदहरूले उनले मानेका धर्मको बारेमा यसरी बताउँदछ: २ राजा १६:३,४, १०-१६ "२ जब आहाज राजा भए तब तिनी बीस वर्षका थिए, र तिनले यरूशलेममा सोह्र वर्ष राज्य गरे। तिनले आफ्ना पुर्खा दाऊदले गरेझैं परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही गरेनन्। ३ इस्राएलका राजाहरूका चालमा तिनी हिँड़े। इस्राएलको सामुबाट जुन जातिहरूलाई परमप्रभुले निकाल्नुभएको थियो, तिनीहरूकै घिनलाग्दा चालमा हिँड़ेर तिनले आफ्नो छोरालाई पनि आगोमा होम

गरे। ४ तिनले अल्गा-अल्गा ठाउँहरू र डाँड़ाका टाकुराहरूमा र हरेक झ्याम्म परेको रूखमुनि बलिदानहरू चढ़ाए र धूप बाले।... १० तब राजा आहाज अश्शूरका राजा तिग्लत-पिलेसेरसित भेट गर्न दमस्कसमा गए। तिनले दमस्कसमा एउटा वेदी देखे, र त्यसका बनावटको सम्पूर्ण ढाँचा पूजाहारी उरियाहकहाँ पठाइदिए। ११ यसैले राजा आहाजले दमस्कसबाट पठाएको सम्पूर्ण ढाँचाबमोजिम पूजाहारी उरियाहले एउटा वेदी निर्माण गरे र राजा फर्कन अघि नै त्यो सिद्ध्याए। १२ जब राजा दमस्कसबाट फर्केर आए, तब तिनले त्यो वेदी हेरे, र त्यसको छेउमा गएर त्यसमा भेटी चढ़ाए। १३ तिनले आफ्नो होमबलि र अन्नबलि चढ़ाए, र अर्घ-बलि खन्याए र आफ्नो मेलबलिको रगत वेदीमाथि छर्के। १४ परमप्रभुको सामुन्ने भएको काँसाको वेदी तिनले परमप्रभुका मन्दिरको अगिबाट, अर्थात् नयाँ वेदी र परमप्रभुका मन्दिरको बीचबाट हटाएर त्यस नयाँ वेदीको उत्तरतिर राखिदिए। १५ त्यसपछि राजा आहाजले पूजाहारी उरियाहलाई यस्तो हुकुम गरेः "यस ठूलो नयाँ वेदीमा बिहानको होमबलि र बेलुकाको अन्नबलि, राजाको होमबलि र तिनको अन्नबलि, र देशका सबै मानिसहरूका होमबलि र तिनीहरूको अन्नबलि र अर्घ-बलि चढ़ाउने गर। वेदीमा होमबलि र बलिदानहरूको सबै रगत छर्कनू। तर काँसाको वेदीचाहिँ म आफ्नो पथप्रदर्शनको लागि प्रयोग गर्नेछु।" १६ राजा आहाजले हुकुम गरेझैं पूजाहारी उरियाहले गरे।" र २ इतिहास २८ः२-४, २२-२५ "१ आहाज राजगद्दी आरोहण गर्दा बीस वर्षका थिए। तिनले यरूशलेममा सोह्र वर्ष राज्य गरे। तिनले आफ्ना पुर्खा दाऊदले गरेझैं जे कुरो परमप्रभुको दृष्टिमा असल थियो त्यही गरेनन्। २ तिनी इस्राएलका राजाहरूका चालमा हिँड़े, र बाल देवताहरूका निम्ति ढलौटे मूर्तिहरू बनाए। ३ तिनले बेन-हिन्नोमको बेंसीमा बलिदानहरू पनि चढ़ाए। इस्राएलको सामुन्नेबाट जुन जातिहरूलाई परमप्रभुले देशबाट निकाल्नुभएको थियो, उनीहरूकै घिनलाग्दा चालमा हिँड़ेर तिनले आफ्ना छोराहरूलाई आगोमा होम गरे। ४ तिनले अल्गा-अल्गा ठाउँहरू र डाँड़ाका टाकुराहरूमा र हरेक झ्याम्म परेको रूखमुनि बलिदानहरू चढ़ाए र धूप बाले।...२२ यी नै राजा आहाज आफ्नो कष्टको समयमा झन्-झन् परमप्रभुप्रति विश्वासघाती भए। २३ तिनले आफूलाई परास्त गर्ने दमस्कसका देवताहरूलाई बलिदान चढ़ाए, किनकि तिनले यो विचार गरे, "अरामका राजाहरूका देवताहरूले उनीहरूलाई सहायता गरे। यसकारण तिनीहरूले मलाई सहायता गरून् भनी म पनि तिनीहरूलाई बलिदान

चढ़ाउनेछु।" तर वास्तवमा तिनीहरूले नै तिनको र सारा इस्राएलको पतन ल्याए। २४ आहाजले परमप्रभुको मन्दिरका भाँड़ाकुँड़ाहरू जम्मा गरेर लगे, अनि परमप्रभुको मन्दिरका ढोकाहरू पनि बन्द गरिदिए। तिनले यरूशलेमका सड़कसड़कमा वेदीहरू बनाए। २५ अनि यहूदाका सहरैपिच्छे अरू देवताहरूलाई बलिदान चढ़ाउनका निम्ति डाँड़ाहरूका थानहरू बनाए। यसरी तिनले परमप्रभु आफ्ना पुर्खाहरूका परमेश्वरलाई क्रोधित तुल्याए।"

राजा आहाजले मानेका धर्ममा तन्त्रमन्त्र, तन्त्र विद्यासँग गहिरो सम्बन्ध थियो (जब इस्राएलीहरूले यस्तो बाटो अपनाए परमेश्वर दुःखित हुनुभएको थियो "तिनीहरूले भूतहरूका निम्ति बलि चढ़ाए, जो ईश्वर होइनन्, तिनीहरूले नचिनेका देवताहरूलाई, भर्खरै देखा परेका देवताहरूलाई, तिमीहरूका पिता-पुर्खाले भक्ति नगरेका देवताहरूलाई।" (व्यवस्था ३२:१७)। यही सन्दर्भमा पावलले पनि यसरी व्यक्त गर्दछन् "१८ इस्राएल जातिलाई हेर, बलिदानको बस्तु खानेहरू, के वेदीका सहभागी भएनन् र? १९ म के भन्न लागिरहेछु त? के मूर्तिलाई चढ़ाएको थोक केही हो र? अथवा मूर्ति नै केही चीज हो र? २० त्यसो होइन, तर म यही भन्न लागिरहेछु, कि मूर्तिपूजकहरूले जो बलि चढ़ाउँछन्, त्यो परमेश्वरलाई होइन, तर भूतप्रेतलाई चढ़ाउँछन्, र तिमीहरू भूतप्रेतसँग सहभागी होओ भन्ने म चाहन्नँ। २१ तिमीहरू प्रभुको कचौरा र भूतप्रेतको कचौरा दुवैबाट पिउन सक्दैनौ। तिमीहरू प्रभुको टेबल र भूतप्रेतको टेबल दुवैबाट खान सक्दैनौ। २२ के हामीले प्रभुलाई डाही तुल्याउने? के हामी उहाँभन्दा शक्तिशाली छौं?" (१ कोरिन्थी १०:१८-२२)।

आधुनिक तन्त्रमन्त्र, भूत जगाउने, बोक्सी विद्या, पारअलौकिक तथा चमत्कारीय काम गरेर सत्य परमेश्वरबाट अलग राख्ने चर्तिकलाहरू पौराणिक मध्यपूर्वका रितिथितिसँग मिल्दोजुल्दो छ। तिनीहरूको लिखोट बाइबलको परिधिभन्दा बाहिर राखिएको छ। आधुनिक न्यु एज अर्थात् बाइबलसम्मत नभएका अध्यात्मवादको नाउँमा तन्त्रमन्त्र तथा चमत्कारीय काम गरेर मानिसहरूलाई मख्ख पार्ने विद्या पौराणिक एशियाकै धार्मिक संस्कारका उपज हुन्।

आफू हतास निराश भएर परमेश्वरलाई भन्दा अरू आत्माहरूलाई पूजा गरेर तिनीहरूमाथि भरपर्ने आहाजको प्रवृतिलाई यशैयाले यथोचितरूपमै चित्रण गरेका थिए (यशैया ८:२१,२२, २ इतिहास २८:२२,२३)। मानिसहरू रिसले जुर्मुरिएर राजालाई सराप्न थालेका थिए भनेर यशैयाले

उल्लेख गरेका छन् (यशैया ८:२१)। राजाले नै तन्त्रमन्त्र बोक्सिविद्या र मूर्तिपूजामा लगाएकाले मानिसहरूले उनलाई सराप्नेछन् भन्ने चेतावनीस्वरुप यशैयाले उल्लेख गरेका थिए। त्यसको फलस्वरुप जब राजा आहाजको मृत्युभयो तब उनीप्रति बितृष्णा भएर मानिसहरूले उनलाई यस्तरी अपमान गरेकि उनलाई इस्राएलका राजाहरू गाडिने चिहानहरूमा गाडेनन् (२ इतिहास २८:२७)।

**तन्त्रमन्त्र, झाँक्रि, बोक्सीविद्या, जादूगरी र धर्मको नाउँमा दुष्टआत्माहरूलाई जगाएर मरेका भूतहरू जगाउने भन्ने खालका जाली अध्यात्मबादलाई बाइबलले कसरी मनाही गर्दछ? हेर्नुहोस्, लेबी २०:२७ "२७ “ ‘तिमीहरूमध्ये कुनै पुरुष वा स्त्रीले झाँक्री, बोक्सी वा जादू-मन्त्रको काम गऱ्यो भने त्यो मारिनैपर्छ। तिनीहरूलाई ढुङ्गाले हानेर मार्नू। तिनीहरूको अपराध तिनीहरूकै शिरमा परोस्’।” र व्यवस्था १८:९-१४ "९ परमप्रभुले तिमीहरूलाई दिनुहुने देशमा तिमीहरू आइपुगेपछि त्यहाँ बस्ने जातिहरूका घृणित रीतिरिवाजहरू देखासिकी नगर्नू। १० आफ्नो छोरा वा छोरीलाई आगोमा बलि गर्ने, शकूनअपशकून बताउने, जोखना हेर्ने, जादूगरी गर्ने, ११ टुनामुना गर्ने, मृतसँग सल्लाह लिने बिजुवा वा झाँक्री तिमीहरूका बीचमा कोही नहोस्। १२ यस्तो काम गर्ने व्यक्ति परमप्रभुको अगि घृणित हो। यी घृणित रीतिथितिहरूको कारणले परमप्रभु तिमीहरूका परमेश्वरले ती जातिहरूलाई तिमीहरूका सामुबाट निकालिदिनुहुनेछ। १३ परमप्रभु तिमीहरूका परमेश्वरको सामुन्ने तिमीहरू निर्दोष हुनुपर्छ। १४ तिमीहरूले अधिकार गर्ने जातिहरू जोखना हेर्ने र जादूगरी गर्नेहरूका कुरा सुन्छन्। तर परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई चाहिँ यसो गर्न निषेध गर्नुभएको छ।"**

यथार्थमा जब येशूभक्तले कुनै पनि त्यस्तो तन्त्रमन्त्र तथा बाइबलसम्मत नभएका अलौकिक धार्मिक तथा संस्कारबाट अलग हुनुभनेको परमेश्वरप्रति बफादार रहनु हो। यो नीति राजा साऊलको मामिलामा पनि प्रयोग गरिएको छ। १ इतिहास १०:१३,१४मा उल्लेख गरिएको छ "१३ यसरी शाऊलले आफ्नो अविश्वासले गर्दा ज्यान गुमाउनुपऱ्यो। तिनले उहाँको वचनलाई उल्लङ्घन गरेर भूतप्रेत खेलाउनेको सरसल्लाह लिएका थिए। १४ तिनले परमप्रभुको सल्लाह लिएनन् अर्थात् आदेश पालन गरेनन्। यसकारण उहाँले तिनलाई नाश गर्नुभयो, र राज्य यिशैका छोरा दाऊदलाई सुम्पनुभयो।" (रूपान्तरित)।

**तपाईंको आफ्नै जीवनको वरिपरि हेर्नुहोस्। कसले तपाईंलाई प्रभावित पारिरहेका छन्? तपाईंले थाहै नपाइकन विभिन्न परम्परा, संस्कार, धर्म तन्त्रमन्त्र र अध्यात्मवादको नाउँमा तपाईंलाई प्रभावित पार्न खोजिरहेकाछन्, सो सोच्नुहोस्। हुनसक्छ तपाईं त्यस्तै समाजमा रहनुभएको छ र तिनीहरूबाट तपाईं पूरै अलगिनु नसक्नुहोला तैपनि तपाईं र तपाईंको परिवारलाई त्यसबाट प्रभावित नपार्न तपाईंले के कदम चाल्न सक्नुहुन्छ?**

**उपसंहारः**

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *द ग्रेट कन्त्रोभर्सीको* पृ. ५५१-५६२को "क्यान आवर डेड स्पिक टु अस?"**

"पौराणिक इस्राएलमा पनि त्यस्ता मानिसहरूको समूह थियो जो आजभोलीका अध्यात्मिकवाद जस्तै थिए। तिनीहरू तन्त्रमन्त्र गरेर मरेका मानिसहरूसँग कुराकानी गर्ने भनेर दावी गर्दथे। तर मरेका आत्माहरू, प्रेत, पिशाच वा अरू ग्रहहरूबाट जीवहरू आएर कुरा गर्नु भनेको बाइबलमुताविक शैतान र उसका पतित स्वर्गदूतहरू हुन्। तिनीहरू मानिसले नै सृजेका देवीदेवताहरू हुन्। यसबारे देहायका पदहरूले यसरी स्पष्ट गर्दछन्ः गन्ती २५:१-३ "१ इस्राएलीहरू शित्तीममा हुँदा मानिसहरूले मोआबका छोरीहरूसँग व्यभिचार गर्न लागे। २ तिनीहरूले यी मानिसहरूलाई तिनका देवताहरूका बलिदानमा निम्तो दिए, र यी मानिसहरूले खाएर तिनका देवताहरूलाई दण्डवत् गरे। ३ यसरी इस्राएलीहरू पोरको बाल देवतालाई पुज्न लागे। अनि इस्राएलीहरूसित परमप्रभु रिसाउनुभयो।", भजन १०६,२८ "तिनीहरूले पोरको बाल देवताको पूजा गरे, र निर्जीव देवताहरूलाई चढ़ाएका बलिका थोकहरू खाए।", १ कोरन्थी १०:१९-२२ "१९ म के भन्न लागिरहेछु त? के मूर्तिलाई चढ़ाएको थोक केही हो र? अथवा मूर्ति नै केही चीज हो र? २० त्यसो होइन, तर म यही भन्न लागिरहेछु, कि मूर्तिपूजकहरूले जो बलि चढ़ाउँछन्, त्यो परमेश्वरलाई होइन, तर भूतप्रेतलाई चढ़ाउँछन्, र तिमीहरू भूतप्रेतसँग सहभागी होओ भन्ने म चाहन्नँ। २१ तिमीहरू प्रभुको कचौरा र भूतप्रेतको कचौरा दुवैबाट पिउन सक्दैनौ। तिमीहरू प्रभुको टेबल र भूतप्रेतको टेबल दुवैबाट खान सक्दैनौ। २२ के हामीले प्रभुलाई डाही तुल्याउने? के हामी उहाँभन्दा शक्तिशाली छौं?" र प्रकाश १६:१३,१४ "१३ तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट

भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें। १४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्।"

मरेका आत्माहरू जगाउने नाउँमा भूतप्रेत पिशाच आदिसँग खेलबाड गर्न परमेश्वरको निम्ति घृणित थियो। यस्तो क्रियाकलापमा नलाग्न यसलाई गम्भिररूपमा मनाही गरिएको थियो। त्यसबेला यस्ता क्रियाकलापमा लाग्नेहरूलाई मृत्युदण्डको सजायँ दिनुपर्छ भनेर तोकिएको थियो (लेबी १९:३१ "“ ‘तिमीहरू झाँक्री, बोक्सी र जादू-मन्त्र गर्नेतिर नलाग्नू। तिनीहरूसित सल्लाह लिएर तिमीहरूले आफूलाई अशुद्ध नपार। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।", लेबी २०:२७ “ ‘तिमीहरूमध्ये कुनै पुरुष वा स्त्रीले झाँक्री, बोक्सी वा जादू-मन्त्रको काम गर्‍यो भने त्यो मारिनैपर्छ। तिनीहरूलाई ढुङ्गाले हानेर मार्नू। तिनीहरूको अपराध तिनीहरूकै शिरमा परोस्’।” अहिले बोक्सीविद्याको नाउँ नै घृणित भएको छ। तर मध्यकालिन युगमा दुष्ट आत्माहरूसँग कुराकानी गर्न सक्दथे भनेर गरिने दावीलाई केवल मनगढन्ते कथामात्रै अहिले भन्दछ। तर अहिले अध्यात्मवादले लाखो करौडौं मानिसहरूलाई आफ्नो हातमा लिइरहेकाछन्। वैज्ञानिक घेरामा पनि यो पसेको छ, चर्चमा पनि यसले आफ्नो शक्ति जमाएको छ, कानुन बनाउने अधिकारवालाहरू यसको पक्षमा उभिरहेकाछन् र राजा महाराजाहरूको दरवार पनि यसले आफ्नो ठाउँ ओगटेकेका छन्। यो धोका दिने महान् जागरणलाई अध्यात्मिक पुनर्जागरण भनेर कहलाइएको छ। यो कुनै नयाँ नभएर पुरानो समयमा मनाही गरिएको र दण्ड योग्य तन्त्रमन्त्र र बोक्सी विद्या हो जुन नयाँ र नक्कली पोशाकमा मानिसहरूलाई परमेश्वरबाट अलग राख्ने क्रियाकलाप हो भनेर ठानिनुपर्दछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५५६बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **आज टेलिभिजन, मोबाइल, सिनेमाहरूमा, पुस्तकहरूमा (हारीपोटर जस्ता) र लोकप्रिय संस्कारहरूमार्फत आध्यत्मबादको नाउँमा, तन्त्रमन्त्र, जादू र अलौकिक चमत्कारीय सामग्रीहरू बजारमा छ्यापछ्याप्ती छन्।**

**यिनीहरूले हाम्रा बालबालिका र युवा तथा युवतीहरूको दिमाग ओगटिरहेका छन्। यिनीहरूले गर्दा परमेश्वरप्रतिको आकर्षण घटिरहेको छ। यी सामग्रीहरू हानी नहुने देखिएतापनि परमेश्वरप्रतिको चासोलाई चिस्याउने भएकोले त्यस खतरालाई अरूको सामुने हामी कसरी सतर्क गराउने? अवतार, भूत जगाउने, प्रेत वा पिशाच जगाउने, जादू, तन्त्रमन्त्र आदि शैतानका चर्तिकला हुन् भनेर जान्न र त्यसबाट सुरक्षित हुन मानिस मरेपछि के हुन्छ भन्ने बाइबलीय आत्मज्ञान जान्नु किन जरुरी छ?**

आ. **यशैया ८:२०मा उल्लेख गरिएको वचन तपाईं आफ्नै शब्दहरूमा कसरी व्याख्या गर्नुहुन्छ? हेर्नुहोस्, "व्यवस्था र गवाहीकहाँ जाओ! यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने तिनीहरूसित बिहानको मिरमिरे उज्यालो पनि छैन।"**

इ. **परमेश्वरलाई प्रेम गर्नु र उहाँको भय मान्नु भन्ने धारणाको बारेमा अझ सोच्नुहोस्। भयबाट हाम्रो प्रेम कसरी फस्ताउन सक्छ? वा के प्रेमबाट नै श्रद्धा वा भय उत्पन्न हुन्छ ?**

**सारांशः** परमेश्वरले आशा र चेतावनीको सन्देश यशैया र उनका परिवारबाट दिनुभएको थियो। मानिसहरूको दिमागमा परमेश्वरको वचन राम्रोसँग घुसोस भनेर उहाँले नाटकिय ढङ्गले प्रस्तुत गर्नुभएको थियो। परमेश्वरले के गरिरहनुभएको छ सो उहाँलाई थाहा छक भन्ने आत्मज्ञान पाएर उहाँमाथि भरोसा राख्नु नै हाम्रो जीवनको सुरक्षा हो भनेर हामीले थाहा पाउनुपर्दछ। उहाँलाई कसैले गर्न दिएमा उहाँसँग प्रेम, अगुवाई गर्ने शक्ति र रक्षा उपलब्ध गराउनुहुन्छ। परमेश्वरलाई साथ लिएर जीवन निर्वाह गर्नु र नगर्नु प्रत्येक मानिसको आत्मनिर्णय हो। मानिसको अनुमतिबिना उहाँले कसैलाई पनि जबरजस्ती आफूतिर तान्नुहुन्न। तर उहाँबाट अलग भएर वा तर्किर जिउँदा मानिस अन्धकारको शक्तिको मातहतमा हुन्छ। त्यसले मानिसहरूलाई निराश र अन्धकारबाहेक केही पनि दिनसक्दैन।

## कथा ४
## परमेश्वरको साथी हुनु
## माशा, १७, रुस

आफ्नी दिदीले रुसको नोभोकुजनटस्कको साइबेरिया सहरमा बप्तिस्मा लिँदा माशा वर्ष ५ कि थिइन्। आफ्नी दिदी बप्तिस्माको टैङ्कीभित्र जाँदा माशा अत्यन्तै उत्सुक मानेर हेरिरहेकी थिइन्। जब बप्तिस्मा लिएर बाहिर आएपछि पास्टर र चर्चका अरू सदस्यहरूले दिदीलाई बधाईं दिएको उनले सुनेकी थिइन्। बप्तिस्मा रमाइलो अवसर हो भनेर उनले सोचिन् र त्यसको बारेमा उनले एक वर्षसम्म मनमा खेलाइरहिन्। जब उनी ६ वर्षकी भइन् आफू पनि बप्तिस्मा लिन सक्ने भएकी छु भनेर उनले निर्णय गरिन्। "आमा, म बप्तिस्मा लिन चाहन्छु" आफ्नी आमालाई उनले सुनाइन्। अनि फेर उनले सोचिन् ६ वर्षमा बप्तिस्मा लिन त म सानैछु। १० वर्ष भएपछि ठीक होला भनेर उनले पर्खन निर्णय गरिन्। जब उनी दस वर्षकी भइन् उनले आफ्नो भाखा सम्झिन् र आफ्नो जन्मदिन मनाउनु भन्दा अघि उनी पास्टरकहाँ गइन्। "म बप्तिस्मा लिन चाहन्छु" पास्टरलाई उनले सुनाइन्। पास्टर खुशी भए र बप्तिस्मा क्लासमा आउन उनले निम्तो दिइन्। बप्तिस्मा दिने क्लासमा उनीभन्दा बढि उमेर भएका आठ जना केटाकेटीहरू थिए।

बप्तिस्मा क्लास रोचक थियो। एक वर्षपछि जब माशा ११ की थिइन् त्यो पास्टर अर्कै चर्चमा सरुवा भएर गए। नयाँ चर्च पास्टरले उनलाई बप्तिस्मा दिन इन्कार गर्दै भने "तिमी अझै सानै छौ। त्यसकारण म तिमीलाई अहिले नै बप्तिस्मा दिन चाहन्दिन, सरी।" माशा अत्यन्तै निराश भइन्। केही समयसम्म त उनले त्यो पास्टरसँग बोलचाल पनि गरिन। जब उनी १२ वर्षकी भइन् तब उनले फेरि पास्टरकहाँ गएर आफू बप्तिस्मा लिने अनुरोध गरिन्। पास्टरले हुन्छ भनेर बप्तिस्मा क्लासमा भर्ना हुन निम्तो दिइन्। माशा त्यस क्लास चार महिनासम्म पढिन्। तर उनलाई बप्तिस्मा क्लास त्यस्तो रमाइलो लागेन। आफू कति समयदेखि बप्तिस्मा लिन चाहेको र पास्टरले अस्वीकार गरेकोमात्र उनले सम्झिरहिन्। अनि त्यस क्लासमा जान छोडिन् र चर्च नै नजाने सोचमा परिन्।

चर्च बाहिर उनको स्कूल उनलाई त्यस्तो रमाइलो लागिरहेको थिएन र आफूलाई विरक्त लागेको महसुस गरिन्। उनका धेरै साथीहरू थिएनन्।

आफ्नो जीवनप्रति उनलाई नियास्रो लागेको थियो। एक दिन आमाले उनलाई सेभेन्थ-डे एडभेन्टिस्टको जाकोस्की इसाई स्कूलमा पढ्न जानेकी भनेर सोधिन्। नयाँ ठाउँ र नयाँ साथीहरू बनाउन चाहेकोले माशाले हुन्छ भनेर सहमती जनाइन्।

स्कूल सुरु हुनुभन्दा अघि गर्मी महिनाको छुट्टीमा युवायुवतीहरूको समर क्याम्पमा उनी सहभागी भइन्। त्यस क्याम्पमा अन्तमा उनले बप्तिस्मा लिइन् किनभने त्यस क्याम्पमा सहभागी भएका सबैले बप्तिस्मा लिएका थिए भनेर उनले थाहा पाएकी थिइन्। जब उनी बप्तिस्मा लिइन् उनी १६ वर्षकी थिइन्। तर बप्तिस्मा लियो भन्दैमा उनको जीवनमा खासै परिवर्तन भएको उनले पाइनन्। जाओस्की स्कूलमा केही हप्ता त उनलाई नियास्रो लागेको थियो। उनले साथी कसरी बनाउने भन्ने कुरा थाहा थिएन। उनलाई दिक्क मानिरहेकी थिइन्। त्यही स्कूलको परिसरमा रहेको जाओक्सी विश्वविद्यालयको ईस्वरीय शास्त्र पढ्ने विद्यार्थीले उनी नियास्रो मानिरहेकी महसुस गरे। अनि उसले माशासँग कुराकानी गर्न थाल्यो। "हाम्रो आवश्यकता परमेश्वरलाई थाहा छ। उहाँ हाम्रो नजिक हुनुहुन्छ। उहाँसँग साथीलाई जस्तै हामी कुरा गर्न सक्छौं" उसले माशालाई भन्यो।

माशाको धेरै मिल्ने साथीहरू थिएन। एक दिन परमेश्वरसँग कुरा गर्न उनले निर्णय गरिन्। एउटा सुनसान ठाउँमा गएर आँशु बगाउँदै उनले आफ्नो दुःख परमेश्वरलाई पोखाइन् "तपाईंसँग धेरै समयदेखि कुरा नगरेकोले मलाई क्षमा दिनुहोस्। तपाईंलाई राम्रोसँग नचिनेकोमा मलाई क्षमा दिनुहोस्। पास्टरले मलाई बप्तिस्मा नदिएकोले उहाँसँग म रिसाएको थिएँ। त्यो मेरो गल्ती थियो।" प्रार्थना गरेपछि उनको हृदयमा शान्तिको खोलो बग्यो। जीवनको पहिलो पल्ट उनी परमेश्वरसँग नजिक भएको अनुभव गरिन्।

त्यस दिनदेखि उनी अर्कै माशा भइन्। "मेरा साथीहरू होस् भनेर पहिला मैले सोच्दथें। अब मसँग साथी छ जोसँग म कुरा गर्न सक्छु। अब उहाँ कहाँ हुनुहुन्छ भनेर उहाँलाई खोज्नु आवश्यकता छैन।

***-आन्द्र्यु मेकचेस्नी***